पचालझरना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पडेक्षा, कालिकोट

कर्णाली प्रदेश,नेपाल

२०७३

www.pachaljharanamun.gov.np
Email:pachaljharnagaupalika@gmail.com
ito.pachaljharanamun@gmail.com

पत्र संख्या:२०८२/०८३

सूचना नं. ०५

## करार सेवामा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०४/१८)

यस पचालझरना गाउँपालिकामा सञ्चालन हुने सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्श सेवा प्रवाह गर्न र पचालझरना गाउँपालिका आधारभुत स्वास्थ्य सेवा केन्द्र मुग्राहाका लागि तपशिलका पदमा खुला प्रतिस्प्रधात्मक परिक्षाद्वारा करार सेवामा पदपुर्ति गर्नु पर्ने भएकाले न्युनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिन भित्र पचालझरना गाउँपालिकाको प्रशासन शाखामा दरखास्त फारम पेश गर्न अनुरोध गरिएको छ ।

तपशिलः

१. विज्ञापन नं. पद,तहः

| क्र.स. | विज्ञापन नं. | पद | तह | किसिम | माग संख्या | कै |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०८२/०८३ | मनोसामाजिक परामर्शकर्ता | पाँचौ | खुला | १ | |
| २ | ०२/२०८२/०८३ | कार्यालय सहयोगी | तहविहिन | खुला | १ | |

२. सेवाको किसिमः अस्थायी (करार सेवा)

३. आवश्यक न्युनतम शैक्षिक योग्यता र अनुभवः

मनोसामाजिक परामर्शकर्ताको लागिः

(क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिसटेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिङ/मनोविज्ञान/समाजशास्त्र/ सोसिएल वर्कमा स्नातक/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तिर्ण गरेको ।

(ख) मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिइनेछ ।

(ग) कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव ( word, Excel,Power point, Email/ internet) मा जानकार र नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।

(घ) भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुर दार नठहरिएको,

कार्यालय सहयोगीको लागिः

(क)मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ उतिर्ण गरेको ।

(ख) भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुर दार नठहरिएको,

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

www.pachaljharanamun.gov.np
Email:pachaljharnagaupalika@gmail.com
ito.pachaljharanamun@gmail.com

पत्र संख्या:२०८२/०८३
सूचना नं. ०५

४. विशेष प्राथमिकताः योग्यता र अनुभव प्राप्त महिला, दलित र अपाङ्गता भएका व्याक्तिलाई विशेष प्राथमिकता दिइनेछ ।

५. मासिक तलब, सुविधा तथा अन्य सुविधाः (क) मनोसामाजिक परामर्शकर्ताको लागि नियम बमोजिम पाँचौ तहको शुरु तलब स्केल बराबर (ख) कार्यालय सहयोगिको लागि करार सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ ।

६. उम्मेदवारको उमेर :

(क) महिलाको हकमा १८ बर्ष उमेर पुरा भई ४० ननाघेको ।

(ख) पुरुषको हकमा १८ बर्ष उमेर पुरा भई ३५ ननाघेको ।

७. उम्मेदवार छनौट विधिः "पचालझरना गाउँपालिकाको करार कर्मचारीको व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८२" बमोजिम ।

८. परिक्षा दस्तुर :

(क) मनोसामाजिक परामर्शकर्ताको लागि रु१०००। (अक्षेरुपी रुपैया एक हजार मात्र) ।

(ख) कार्यालय सहयोगिको लागि रु ३००। (अक्षेरुपी तीन सय मात्र)

९. परिक्षा दस्तुर बुझाउने प्रक्रियाः गाउँपालिकाको आन्तरिक राजस्वा खाता नं. ०७४०१०१७५००१७८ मा जम्मा गरेको भौचर दरखास्त फारम साथ पेश गर्नु पर्ने छ ।

१०. परिक्षा तथा अन्तरवार्ता सञ्चालन हुने मिति, समय र स्थान संक्षिप्त सूचीमा परेका उम्मेद्धारहरुलाई गाउँपालिकाको सूचना पाटी र पालिकाको वेव साईटमा प्रकाशन गरिनेछ ।

११. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द/ पुन विज्ञापन गर्ने सम्पुर्ण अधिकार पदपुर्ति समितिलाई हुनेछ ।

१२. पाठ्यक्रमः पचालझरना गाउँपालिकाको वेव साईटमा प्रकाशित भए बमोजिम हुनेछ ।

२०८२/७/१८

ओम प्रकास सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः श्री सूचना प्रविधि शाखा पचालझरना गाउँपालिका ।
(वेव साईटमा प्रकाशन गर्न हुन)